आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १८ जुलाई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. उत्तर प्रदेशको गोण्डा जिल्लामा आज अपराह्न भएको रेल दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने अन्य २० भन्दा धेरै घाइते भएका छन्।

२. नीट.यूजी २०२४ मेडिकल प्रवेश परीक्षासञ्चालनमा भएको अनियमिततासँग सम्बन्धित ४० भन्दा अधिक याचिकाहरूमाथि सर्वोच्च अदालतले सुनुवाइ सुरु गरेको छ

३. देशको लागि शहीद बनेका गोर्खा सपुत कप्तान ब्रिजेश थापाको पार्थिव शरीर आज उनको पैत्रिक निवास दार्जिलिङको गिङ पुर्याइएको छ।

४. पश्चिम बंगाल सरकारले तीन नयाँ आपराधिक कानूनको समीक्षाको लागि कलकत्ता हाई कोर्टका सेवानिवृत्त न्यायाधीशको अध्यक्षतामा सात सदस्यीय पैनलको गठन गरेको छ।

**यूपी रेल दुर्घटना**

उत्तर प्रदेशको गोण्डा जिल्लामा आज अपराह्न भएको रेल दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने अन्य २० भन्दा धेरै घाइते भएका छन्। 15904 चंडीगढ़-डिब्रूगढ़ एक्सप्रेसको छ डीब्बा गोंडा-गोरखपुर मार्गको मनकापुर स्टेशनको नजिक पटरीबाट उत्रेको छ। गोण्डा–गोरखपुर सडकखण्डको मनकापुर खण्डको झिलाही हल्ट नजिकै सो दुर्घटना भएको हो भने घटनाको खबर पाउनसाथ रेलवे र जिल्ला प्रशासनका वरिष्ठ अधिकारीहरू सगै राष्ट्रीय आपदा मोचन बल र राज्य आपदा मोचन बलका टोली घटनास्थलमा पुगेका छन। राहत र उद्धार कार्य जारी छ। दुर्घटनाका कारण लखनउदेखि गुवाहाटीसम्मको मुख्य रेल मार्ग अवरुद्ध भएको छ। कयौं रेललाई डाइभर्ट गरिएको छ भने केही रद्द गरिएको छ। यसका साथै रेलवेले हेल्पलाइन नम्बर जारी गरेको छ जसमा लखनउका लागि 8957409292 र गोण्डाका लागि 8957400965 नम्बर छन्। अर्कोतिर उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले राहत र उद्धारकार्यलाई तीव्रता दिन अधिकारीहरुलाई निर्देशन दिएका छन्।

****** ० ******

**नीट सर्वोच्च न्यायालय**

सर्वोच्च अदालतले नीट परीक्षाको पुनः परीक्षा ठोस स्तरमा हुनुपर्ने र यसले सम्पूर्ण परीक्षाको नैतिकतामा असर पार्ने बताएको छ। प्रधान न्यायाधीश डीवाई चन्द्रचूडको अध्यक्षतामा रहेको सर्वोच्च अदालतको बेन्चले नीट.यूजी २०२४ मेडिकल प्रवेश परीक्षासञ्चालनमा भएको अनियमिततासँग सम्बन्धित ४० भन्दा अधिक याचिकाहरूमाथि सुनुवाइ सुरु गरेको छ भने जारी अनुसन्धानको विषयमा सीबीआई अनुसन्धान जारी राखेको बेन्चले बताएको छ। मुख्य न्यायाधीश डीवाई चन्द्रचूड तथा न्यायाधीशहरू जेडी पार्दीवाला र मनोज मिश्राको बेन्चले सामाजिक चिन्तालाई ध्यानमा राख्दै नीट.यूजी २०२४ को विवादास्पद चिकित्सा प्रवेश परीक्षासँग सम्बन्धित याचिकाहरूमा न्यायिक सुनवाई सुरु गरेको थियो। मे ५ को परीक्षामा भएको कथित अनियमितताए पुनः परीक्षा र अदालतको निगरानीमा छानबिन गर्न माग गरेका निवेदकहरूलाई पेपर लीक श्प्रणालीगतश भएको र यसले सम्पूर्ण परीक्षालाई प्रभावित पारेको प्रमाणित गर्न आदेश दिएको छ।

****** ० ******

**सीबीआई एम्स**

भारतको केन्द्रीय अनुसन्धान ब्यूरो (सिबिआई) ले पटनास्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेजका चार जना विद्यार्थीलाई नीट-यूजी प्रवेश परीक्षाको प्रश्नपत्र लीक प्रकरणमा पक्राउ गरेको छ । एम्स पटनाका कार्यकारी निर्देशक डा. जीके पालका अनुसार पक्राउ परेका विद्यार्थी एमबिबिएस दोस्रो र तेस्रो वर्षका छन । सीबीआईले ती विद्यार्थीहरूको ल्यापटप पनि जफत गरेको छ र उनीहरूको कोठाहरू सिल गरेको छ। यी विद्यार्थीहरूलाई सीबीआईले सोधपुछ गरिरहेको छ।

****** ० ******

**ब्रिजेस थापा**

देशको लागि वीरगति प्राप्त गरेका गोर्खाली वीर सपुत शहीद कप्तान ब्रिजेस थापाको पार्थिव शरीर आज अपरान्हको समयमा उनको पैतृक गाउँ दार्जिलिङको बड़ा गिङ्ग पुगेको छ। बिहान सिलगढीबाट सैनिक सम्मानको साथमा लगिएको वीर सपुत कप्तान ब्रिजेस थापाको पार्थिव शरीर रोहिणी रोड हुँदै खरसाङ भएर लगिएको थियो। शहीद कप्तान ब्रिजेस थापाको पार्थिव शरीरलाई खरसाङए सोनादाए जोरबंगलोए घुमए दार्जिलिङ लगायत विभिन्न स्थानहरूमा श्रध्दाञ्जली अर्पण गरिएको थियो। शहीद कप्तान ब्रिजेस थापाको पार्थिव शरीरलाई उनको पिता अवकाशप्राप्त कर्नल भुवनेशकुमार थापासहित माता र बहिनीको साथमा सैनिक सम्मानको साथमा दार्जिलिङ को गिङ्ग चियाबारीमा रहेको घरमा पुराईएको छ। उनलाई भोलि गिङ्ग चियाबारीमा नै सैनिक सम्मानको साथमा अन्तिम संस्कार गरिने जानकारी प्राप्त भएको छ। आफ्नो पैतृक गाउँमा शहीद कप्तान ब्रिजेस थापालाई स्थानीय गाउँलेहरू साथै विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरू लगायत आफान्तहरू र छर छिमेकीहरूले श्रध्दाञ्जली अर्पण गरेका छन्। देश रक्षामा शहीद बनेका वीर गोर्खाली सपुत कप्तान ब्रिजेस थापालाई श्रद्धाञ्जली अर्पण गर्न मानिसहरू अघिबाटै भीडक साथमा भेला भएका थिए। उनको पैतृक गाउँस्थित घरमा पनि शहीद कप्तान ब्रिजेस थापालाई सैनिक सम्मानको साथमा श्रध्दाञ्जली अर्पण गरिएको जानकारी प्राप्त भएको छ। शहीद कप्तान ब्रिजेस थापाको पार्थिव शरीर खरसाङ आईपुग्दा उपस्थित मानिसहरूले श्कप्तान ब्रिजेस थापा अमर रहोस्श्ए श्देशको लागि शहीद हुने वीर गोर्खे सपुत ब्रिजेस थापा जिन्दावादश्ए श्शहीद कप्तान ब्रिजेस थापा अमर रहोस् - अमर रहोस्श जस्ता नाराहरू लगाइएको थियो।

****** ० ******

**आपराधिक कानून समीक्षा**

पश्चिम बंगाल सरकारले तीन नयाँ आपराधिक कानूनको समीक्षाको लागि कलकत्ता हाई कोर्टका एक सेवानिवृत्त न्यायाधीशको अध्यक्षतामा सात सदस्यीय पैनलको गठन गरेको छ । यस पैनललाई तीन महीनाभित्र आफ्नु रिपोर्ट बुजौनु भनेको छ । देशमा यी तीन कानून एक जुलाई देखि लागू भएको छ ।
गृह मन्त्रालयका अनुसार समितिले भारतीय न्याय संहिताए २०२३ (बीएनएस)ए भारतीय नागरिक प्रतिरक्षा संहिताए २०२३ (बीएनएसएस) र भारतीय प्रमाण ऐनए २०२३ (बीएसए) जस्ता फौजदारी कानूनहरूको पुनरावलोकन गर्नेछ। "यसैबीचए राज्यपाल सीभी आनन्द बोसले मुख्यमन्त्री ममता बनर्जीलाई संशोधित सी.आर.पी.सीए आई.पी.सी र प्रमाण ऐनको पुनरावलोकन गर्न समितिको उद्देश्यबारे तत्काल रिपोर्ट पेश गर्न निर्देशन दिनुभएको छ। उहाले भन्नु भएको छए श्पश्चिम बङ्गाल एउटा देशभित्रको अर्को देश होइन । यसलाई छुट्टै गणतन्त्रमा रूपान्तरण गर्न सकिंदैन । "न्यायाधीश (अवकाशप्राप्त) अशिमकुमार रोयको अध्यक्षतामा गठित उक्त समितिमा राज्यका कानुनमन्त्री मलय घटक र वित्तमन्त्री चन्द्रिमा भट्टाचार्य पनि रहनेछन् ।श्समितिलाई प्राज्ञिक विज्ञए वरिष्ठ अधिवक्ताए अनुसन्धान सहायक र अन्य कानूनी विज्ञहरूलाई यस विषयमा उनीहरूको राय प्राप्त गर्न संलग्न गर्ने अधिकार दिइनेछएश सूचनामा भनिएको छ। यसले सार्वजनिक परामर्श गर्ने अधिकार पनि पाउनेछ । "मुख्यमन्त्री ममता बनर्जीले गत जुन २१ मा प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेख्दै नयाँ फौजदारी कानून लागू नगर्न आग्रह गरेकी थिइन् । उनले नयाँ कानुनमाथि संसद्मा छलफल गर्न पनि माग गरेका छन् ।यसै बीच सरकारले तीन वटा नयाँ फौजदारी कानूनको पुनरावलोकन गर्न एक समिति गठन गरेपछि विवाद उत्पन्न भएको छ। विपक्षी दलका नेता सुभेन्दु अधिकारीले समितिलाई श्गैरकानुनीश भनेका छन् भने अर्थ राज्यमन्त्री चन्द्रिमा भट्टाचार्यले उक्त आरोप अस्वीकार गरेकी छन् ।

****** ० ******

**कर्मचारी विभाग परिवर्तन**

आर्थिक अभावका बीच पश्चिम बङ्गाल सरकारले विभिन्न विभाग र निकायहरुमामा उपलब्ध जनशक्तिको उचित उपयोगका लागि नयाँ भर्नाको साटो कर्मचारीहरूको विभागहरू परिवर्तन गर्ने निर्णय गरेको छ। यद्यपिए आपतकालीन सेवामा संलग्न केही विभागहरूलाई यी नयाँ भर्ती प्रतिबन्धहरूबाट थोरै छुट दिइएको छ। राज्य सचिवालयस्रोतका अनुसारए यी विभागहरूको मामलामा पनिए विद्यमान रिक्त पदहरूको केवल ५० प्रतिशत मात्र भर्न सकिन्छए र त्यो पनि राज्य सरकारको "नयाँ भर्तीमा अधिकार प्राप्त समिति" को अनुमोदनको अधीनमा हुनेछ।अधिकार प्राप्त समितिबाट सिफारिस प्राप्त भएपछि पनि अन्तिम स्वीकृति राज्यको अर्थ विभाग र मुख्य सचिवको कार्यालयबाट आउनुपर्ने स्रोतले जनाएको छ । राज्य सचिवालयका एक वरिष्ठ अधिकारीले भन्नु भयो।धेरै कर्मचारी भएका विभागहरूले ती अतिरिक्त कर्मचारीहरूलाई अन्य विभागहरूमा पोस्ट गर्नका लागि सहमति दिनुपर्नेछ। स्रोतका अनुसार बढ्दो राजस्व खर्चलाई नियन्त्रण गर्न यी उपाय अपनाउन लागिएको हो । वास्तवमाए महालेखा परीक्षक (क्याग) ले गत वर्ष एक रिपोर्टमा पश्चिम बङ्गालमा राजस्व खर्चमा भएको वृद्धिप्रति चिन्ता व्यक्त गरेको थियोए जसको परिणामस्वरूप राजस्व घाटामा तीव्र वृद्धि भएको थियो। प्रतिवेदनमा राजस्व कारोबारको गलत वर्गीकरण नगरिएको र अन्य दायित्वको लेखाजोखा नभएको भए राजस्व घाटा अझ बढी हुन सक्ने उल्लेख गरिएको छ । क्यागको प्रतिवेदनले पश्चिम बङ्गाल सरकारको बजेट व्यवस्थापनमाथि पनि प्रश्न उठाएको छए जसले धेरै अनुदानहरूमा ठूलो मात्रामा खर्च गरेको दृष्टान्तहरू औंल्याएको छ।

****** ० ******

**एन.एच 55**

तीनधारेको सत्र माइल क्षेत्रमा राष्ट्रिय राजमार्गको ठुलो भाग चर्किएको अवस्थामा छ भने सत्र माइल क्षेत्रमा रहेका घरहरू पैह्रोको चपेटमा पर्न सक्ने सम्भावना चुलिएको छ । राजमार्ग 55 अन्तर्गत महानदी र पगलाझोड़ामा पैह्रो गएर सड़क बाधित बनेपछि अब फेरि तीनधारे क्षेत्रको सत्र माइल क्षेत्रमा पनि पैह्रो जान सक्ने सम्भावना देखिएको छ। तीनधारेको सत्र माइल क्षेत्र अन्तर्गत राजमार्गको दुई तीनवटा स्थानहरू चर्किएको अवस्थामा देखिएको छ भने अविरल वर्षा भइरहे सड़क विछिन्न हुन सक्ने सम्भावना पनि देखिएको छ।

****** ० ******

**राष्ट्रपति-पुस्तक**

राष्ट्रपति द्रौपदी मुर्मूका भाषणहरूको संकलनमा आधारित **"विंग्स टू अवर होप्स - खंड-1"** नामक पुस्तकको आज राष्ट्रपति भवन परिसरमा विमोचन गरिएको छ । केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले सूचना तथा प्रसारण राज्यमन्त्री डा एल मुरुगनको उपस्थितिमा पुस्तकको अंग्रेजी र हिन्दी संस्करणको ई-संस्करणको विमोचन गरियो। सो अवसरमा अन्य दुई पुस्तकहरु श्कहानी राष्ट्रपति भवन कीश र श्राष्ट्रपति भवनः हेरिटेज मिट्स द प्रेजेन्ट को पनि विमोचन गरिएको थियो ।

****** ० ******